# जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, रोल्पा

## नागरिक बडापत्र (CITIZEN CHARTER)

**कार्यालयबाट प्रदान गरिने सेवाहरुको उदेश्य :-**

**रोल्पा जिल्लाको कृषि योग्य जमिनमा सिंचाइको लागी पानी पुर्‍याई कृषि उत्पादनमा बृद्धि गर्न सहयोग पुर्‍याउने ।**

**सेवाको प्रकार :-**

**क) नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने एवं निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरुको मर्मत संभार एवं व्यवस्थापन गरि सिंचाइको लागी पानी उपलव्ध गराउने ।**

**ख) कृषकहरुलाई सिंचाइ सम्वन्धी प्राविधिक परामर्श सेवा उपलव्ध गराउने ।**

**ग) जल उत्पन्न प्रकोप न्यूनिकरण गर्ने कार्य गर्ने ।**

| सि. नं. | उपलव्ध सेवा तथा सुविधाको विवरण | सेवा ग्राहीले पुर्‍याउनु पर्ने प्रक्रिया तथा प्रमाणहरु :- | सेवा वापत लाग्ने दस्तुर | सेवा दिन लाग्ने समयावधि | जिम्मेवार शाखा | उजुरी गुनासो सुन्ने व्यक्ति |
|---|---|---|---|---|---|---|
| १ | साना,मझौला तथा ठूला सिंचाइ योजना निर्माण तथा नविकरण सुधार आदि | जिल्ला स्थित सिंचाइ कार्यालयबाट तोकिएको ढाँचाको अनुरोध फारम लिई त्यसमा सोधिएका सम्पूर्ण विवरणहरु भरि सिंचाइ योजनामा सँचालन गर्न चाहने अधिकाँश कृषकहरुले फाराममा हस्ताक्षर गरि कर्यालयमा पेश गर्नु पर्नेछ । | क) माग फाराम साथ सिंचाइ गर्न प्रस्तावित क्षेत्रको प्रति रोपनी रु.२/५० को दरले हुने रकम धरौटीका रुपमा जम्मा गर्नु पर्नेछ ।<br>ख) योजना अध्ययन पश्चात संभाव्य भई संचालन हुने अवस्थामा कुल लागतको ०.५% रकम जम्मा गर्नु पर्नेछ ।<br>ग) नियम अनुसार जनसहभागिता गर्नु पर्नेछ । | नियमानुसार पहिचान भइसकेको योजनाहरु मध्येबाट प्राथमिकताको संभाव्य देखिएमा योजनाहरुको श्रोतको व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ । | • योजना डिजाइन तथा कार्यान्वयन शाखा ।<br>• संस्थागत विकास तथा तालिम शाखा,<br>• आर्थिक प्रशासन शाखा, | डिभिजन प्रमुख |
| २ | किसान द्वारा सञ्चालित सिंचाइ प्रणालीहरुको मर्मत संभार कार्य | सिंचाइ प्रणालीहरुको कृषकको कावु भन्दा बाहिरको मर्मत संभार निर्माण कार्य गर्न सरकारी सहयोगको अपेक्षा राख्ने कृषकहरुले जल उपभोक्ता संस्था कृयाशिल भएको साधारणतया मर्मत संभारको लागि | क) निशुल्क<br>ख) नियमानुसार कम्तिमा १०% जनसहभागिता गर्नु | अध्ययनबाट संभाव्य भएको र प्राथमिकतामा पर्ने सिंचाइ प्रणालीहरुको प्राविधिक प्रतिवेदन निर्देशनालयबाट | • योजना डिजाइन तथा कार्यान्वयन शाखा,<br>• संस्थागत विकास तथा | डिभिजन प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कम्तिमा ३ बर्ष देखि सरकारी सहयोग प्राप्त नगरेको तथा जिल्ला दैवि प्रकोप उद्धार समितिबाट समेत सिफारिस साथ आफ्नो जल उपभोक्ता संस्था मार्फत तोकिएको ढाँचामा क्षेतिको विववरणहरु भरी आफूले मर्मत गर्न नसक्नाको कारण समेत प्रष्ट उल्लेख गरी कार्यालयमा निवेदन दिनु पर्नेछ। | पर्नेछ। | स्वीकृत गराई संचालनमा ल्याइनेछ। | तालिम शाखा,<br>● आर्थिक प्रशासन शाखा, | |
| ३ | संस्था दर्ता तथा नविकरण | क) संस्था दर्ता सिंचाइ प्रणालीका उपभोक्ताहरुले उपलव्ध भएसम्म ३३ प्रतिशत महिला २ जना दलित,उत्पीडित र पिछदिएका जनजाति सहित ११ जना सम्मको कार्य समिति गठन गरी उपभोक्ता संस्थाको दर्ताका लागि १ प्रति माइन्युटिङ्ग २ प्रति पारित विधानमा अधिकाँश मुल समितिको पदाधिकारीको हस्ताक्षर भएको एवं सदस्यहरुको नागरिकताको फोटोकपी समेत राखी कार्यालयमा फारम लिई कार्यालयमा दरखास्त दिनु पर्नेछ।<br>ख)नविकरण नियमानुसार दर्ता भएका प्रत्येक उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ९० दिन भित्र महालेखा परिक्षकको विभागवाट मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराई सोको प्रतिवेदन र बार्षिक प्रतिवेदन संलग्न गरि कार्यालयमा नविकरणको लागि दरखास्त दिनु पर्नेछ। | रु.१००/०० | १ महिना | ● आर्थिक प्रशासन शाखा,<br>● संस्थागत विकास तालिम शाखा, | डिभिजन प्रमुख |
| ४ | नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजना | पानी र खेती योग्य जमिन न्यून भएका सीमान्त कृषक समुदायले योजनाको सम्पूर्ण विवरण उल्लेख गरी अधिकाँस कृषकहरुले हस्ताक्षर सहित निवेदन कार्यालयमा पेश गर्नु पर्नेछ। | क) निशुल्क<br>ख)नियमानुसार कम्तिमा ३ % जनसहभागिता गर्नु पर्नेछ। | अध्ययनबाट संभाव्य भएको र प्राथमिकतामा पर्ने सिंचाइ प्रणालीहरुको प्राविधिक प्रतिवेदन प्रदेश मन्त्रालयवाट स्वीकृति गराई सञ्चालनमा ल्याइनेछ। | ● योजना डिजाइन तथा कार्यान्वयन शाखा संस्थागत विकास तथा तालिम शाखा<br>● आर्थिक प्रशासन शाखा, | डिभिजन प्रमुख |
| ५ | पहिरो व्यवस्थापन,नदी नियन्त्रण तथा आकस्मिक जलउत्पन्न प्रकोप व्यवस्थापन | स्थानिय जनप्रतिनिधिको रोहवरमा योजनाका लाभग्राहीहरुको भेला बसी माइन्युट गरी वाड को सिफारिस सहित कार्यालयमा निवेदन दिने | निशुल्क | प्राथमिकताको आधारमा वार्षिक कार्यक्रमा समावेश गरी कार्य गरिने छ। | ● योजना डिजाइन तथा कार्यान्वयन शाखा | डिभिजन प्रमुख |